**आकाशवाणी समाचार- नेपाली**
**मितिः २७ सितम्बर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- गृहमन्त्री अमित शाहले आज अहमदाबादमा धेरै रेलवे परियोजनाहरूको उद्घाटन गर्नु हुनेछ।

- विदेशमन्त्री डा. एस. जयशंकरले चलिरहेको द्वन्द्वको बीचमा सबै पक्षहरूलाई संयम अपनाउन, तनाव कम गर्न र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न आह्वान गर्नुभएको छ।

- वित्त मन्त्रालयले ग्राहकहरूको सुविधाका लागि आज आइतबार सबै सार्वजनिक क्षेत्रका ब्याङ्कहरू र क्षेत्रीय ग्रामीण ब्याङ्कहरू खुला रहने घोषणा गरेको छ।

- डेमोक्रेटिक रिपब्लिक अफ कंगो (DR कंगो) मा भएको सैन्य विमान दुर्घटनामा कम्तिमा १७ जनाको मृत्यु भएको छ।

- मौसम विभागले आज उत्तराखण्डमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको लागि 'रेड अलर्ट' जारी गरेको छ।

**अमित शाह-गुजरात**

गृहमन्त्री अमित शाहले आज अहमदाबादमा धेरै रेलवे परियोजनाहरूको उद्घाटन गर्नु हुनेछ। श्री शाहले साबरमती लोको शेडमा नवनिर्मित डब्ल्यूएजी-12 लोकोमोटिभ मेन्टेनेन्स शेड राष्ट्रलाई समर्पित गर्नु हुनेछ। यस अवसरमा, उहाँले उच्च क्षमताको डब्ल्यूएजी-12 विद्युतीय लोकोमोटिभलाई पनि झण्डा देखाउनु हुनेछन्। यसपछि, श्री शाह साबरमती रेलवे स्टेशन पुग्नु हुनेछ, जहाँ उहाँले स्टेशनको पुनर्विकाससँग सम्बन्धित विभिन्न परियोजनाहरूको उद्घाटन गर्नु हुनेछ। यस क्रममा, उहाँले देशको पहिलो तरल प्राकृतिक ग्यास एल.एन.जी संचालित डेमू रेललाई पनि झण्डा देखाउनु हुनेछ। गृहमन्त्री आज शेलामा आचार्य पद्मसागरसुरीश्वर महाराजको ९२ औं जन्मजयन्तीको अवसरमा आयोजित कार्यक्रममा पनि भाग लिनु हुनेछ।

**जयशंकर-संयुक्त राष्ट्र महासभा**

विदेशमन्त्री डा. एस. जयशंकरले चलिरहेको द्वन्द्वको बीचमा सबै पक्षहरूलाई संयम अपनाउन, तनाव कम गर्न र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न आह्वान गर्नुभएको छ। उहाँले निरन्तर ऊर्जा र व्यापार आपूर्तिको आवश्यकतामा पनि जोड दिनु भयो। संयुक्त राष्ट्र संघको महासभालाई सम्बोधन गर्नु हुँदै डा. जयशंकरले युद्धको प्रभाव संलग्न देशहरूमा मात्र सीमित नभई सम्पूर्ण विश्वको सुरक्षा र विकासमा असर पार्ने बताउनु भयो। रुस-युक्रेन द्वन्द्वलाई उल्लेख गर्नु हुँदै उहाँले भन्नु भयो, यो द्वन्द्व अन्तर्राष्ट्रिय चिन्ताको विषय बनेको छ। उहाँले द्वन्द्व अन्त्य गर्न प्रधानमन्त्री नरेन्द्र मोदीको आह्वान दोहोऱ्याउनु भयो। खाडी क्षेत्रको अवस्थाको बारेमा, विदेशमन्त्रीले भन्नु भयो, चलिरहेको द्वन्द्वले परिस्थितिलाई अझ जटिल बनाएको छ। उहाँले व्यावसायिक जहाज र नाविकहरूमाथिको आक्रमणलाई अस्वीकार्य बताउनु भयो। आतंकवादको बारेमा, डा. जयशंकरले भन्नु भयो, भारतलाई आतंकवाद विरुद्ध आफ्नो रक्षा गर्ने पूर्ण अधिकार छ। उहाँले सीमापार आतंकवादलाई विश्वव्यापी व्यवस्थाको लागि प्रत्यक्ष चुनौतीको रूपमा वर्णन गर्नु भयो र आतंकवादी वित्तपोषण रोक्नु पर्ने आवश्यकतामा जोड दिनु भयो।

BYTE

उहाँले वैश्विक दक्षिणले खाद्यान्न, इन्धन, मल र वित्तसँग सम्बन्धित महत्त्वपूर्ण चुनौतीहरूको सामना गरिरहेको बताउनु भएको छ। उहाँले भारतले ७८ देशहरूमा लगभग ६०० विकास परियोजनाहरूमा सहकार्य गरिरहेको बताउनु भयो। कृत्रिम बुद्धिमत्ताको

बारेमा डा. जयशंकरले भन्नु भयो, प्रत्येक देशलाई आफ्नो आवश्यकता अनुसार एआई विकास गर्ने स्वतन्त्रता हुनुपर्छ। उहाँले भन्नुभयो, भारतले वैश्विक दक्षिणसँगको साझेदारीमा एआईलाई पनि समावेश गर्नेछ।

**ब्याङ्क खुला**

वित्त मन्त्रालयले ग्राहकहरूको सुविधाका लागि आज आइतबार सबै सार्वजनिक क्षेत्रका ब्याङ्कहरू र क्षेत्रीय ग्रामीण ब्याङ्कहरू खुला रहने घोषणा गरेको छ। ब्याङ्क कर्मचारी संगठनहरूको संयुक्त प्लेटफर्म युनाइटेड फोरम अफ ब्याङ्क युनियनले सेप्टेम्बर २८ देखि ३० सम्म प्रस्ताव गरेको राष्ट्रव्यापी हडताललाई ध्यानमा राख्दै यो निर्णय गरिएको हो। भारतीय रिजर्भ ब्याङ्कले आज सबै ब्याङ्क शाखाहरू, कार्यालयहरू, एटीएम-लिङ्क गरिएका शाखाहरू र ब्याङ्क र एटीएमहरूको लागि नगदको लागि मुद्रा चेस्टहरूको पूर्ण सञ्चालनलाई अनुमोदन गरेको छ। यसैबीच, धेरै सार्वजनिक क्षेत्रका ब्याङ्कहरूले हडतालको समयमा नि:शुल्क मासिक सीमाभन्दा बाहिरको एटीएम कारोबार शुल्क माफ गर्ने निर्णय गरेका छन्।

**चारधाम यात्रा**

उत्तराखण्डमा खराब मौसमका कारण चारधाम यात्रा आजसम्मका लागि स्थगित गरिएको छ। विपद् व्यवस्थापन सचिव विनोद कुमार सुमनले तीर्थयात्रीहरूको सुरक्षालाई ध्यानमा राखेर यो निर्णय लिएको बताउनु भयो। तीर्थयात्रीहरूलाई मौसमको निगरानी गर्न र प्रशासनको निर्देशन पालना गर्न सल्लाह दिइएको छ। श्री सुमनले मौसममा सुधार आएपछि मात्र तीर्थयात्रा पुनः सुरु हुने बताउनु भयो।

**पीएम- सेवा संकल्प**

प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक सेवामा २५ वर्ष पूरा गर्दै हुनुहुन्छ। यो उहाँको अटल समर्पण र "जनसेवा मार्फत राष्ट्रको सेवा" भन्ने मन्त्रले सम्भव भएको हो। सेवा र सुशासनको यो दृष्टिकोणबाट प्रेरित, सरकार २०४७ सम्ममा भारतलाई "विकसित राष्ट्र" बनाउने लक्ष्य हासिल गर्न अथक प्रयास गरिरहेको छ। यो समर्पणले समावेशी विकास र सामाजिक सशक्तिकरण मार्फत जनताको जीवनलाई रूपान्तरण गरिरहेको छ। आज, हाम्रो विशेष शृङ्खलामा, हामी "परीक्षा पे चर्चा" पहलले यो सपनालाई कसरी वास्तविकतामा परिणत गरेको छ भन्ने बारेमा छलफल गर्छौं।

BYTE

**विश्व पर्यटन दिवस**

आज विश्व पर्यटन दिवस मनाइँदैछ। यो दिनले मानिसहरूलाई जोड्ने, सांस्कृतिक आदानप्रदान प्रवर्द्धन गर्ने र आर्थिक विकासमा पर्यटनको महत्त्वलाई प्रकाश पार्छ। यस वर्षको विश्व पर्यटन दिवसको विषयवस्तु "पर्यटनलाई पुनर्जीवित गर्न डिजिटल एजेन्डा र कृत्रिम बुद्धिमत्ता" रहेको छ। यो विषय वस्तुले पर्यटनको भविष्यलाई आकार दिन प्रविधिको भूमिकालाई जोड दिन्छ। स्वदेश दर्शनको दोस्रो चरण, प्रसाद योजना, क्रूज पर्यटन, र पर्यटन सीप विकास जस्ता पहलहरूले नयाँ पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गरिरहेका छन् ।

**उपराष्ट्रपति - केरलम**

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आज केरलमको एक दिवसीय भ्रमणमा जानुहुनेछ। उहाँले पहिले कोल्लमको अमृता नन्दमयी मठको भ्रमण गर्नु हुनेछ र धेरै कार्यक्रमहरूमा भाग लिनु हुनेछ। त्यसपछि उहाँ दिउँसो श्री उथ्राडोम थिरुनल मेडिकल साइन्सेस एकेडेमीको दीक्षान्त समारोहमा भाग लिन बलरामपुरम जानु हुनेछ भने साँझ दिल्ली फर्कनु हुनेछ।

**नितिन नविन**

भारतीय जनता पार्टीका राष्ट्रिय अध्यक्ष नितिन नवीनले विशेष गहन पुनरीक्षण (SIR) को मुद्दामा विपक्षीहरूले जनतालाई भ्रमित गरेको आरोप लगाउनु भएको छ। सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुँदै श्री नवीनले भन्नुभयो, निर्वाचन आयोगले स्पष्ट पारेको छ कि एस.आई.आर. सँग सम्बन्धित हरेक निर्णय सम्पूर्ण आयोगले सर्वसम्मतिले लिन्छ। उहाँले कांग्रेस पार्टीलाई झूटा दाबीहरूको आधारमा देशका संवैधानिक संस्थाहरूलाई लक्षित गरेको आरोप लगाउनु भयो।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजे आकाशवाणीबाट प्रसारित हुने मासिक रेडियो कार्यक्रम "मन की बात" मा भारत र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नु हुनेछ। यो कार्यक्रमको १३८ औं एपिसोड हुनेछ। यो कार्यक्रम आकाशवाणी र दूरदर्शन नेटवर्क, एआईआर समाचार वेबसाइट र न्यूज अन एआईआर मोबाइल एपमा प्रसारित हुनेछ।

**कंगो - विमान दुर्घटना**

डेमोक्रेटिक रिपब्लिक अफ कंगो (DR कंगो) मा भएको सैन्य विमान दुर्घटनामा कम्तिमा १७ जनाको मृत्यु भएको छ। मृतकहरूमा वरिष्ठ सैन्य अधिकारीहरू पनि छन्। रिपोर्टहरूका अनुसार, विमान हिजो किकविटबाट राजधानी किन्शासाका लागि उडेको थियो। बीचमा विमानमा प्राविधिक समस्या देखा पऱ्यो, जसले गर्दा पाइलटले क्वांगो प्रान्तको केन्गेमा अवतरण गर्ने प्रयास गरे। यद्यपि, केन्गेमा कुनै धावनमार्ग उपलब्ध थिएन, जसको परिणामस्वरूप विमान आवासीय क्षेत्रमा दुर्घटनाग्रस्त भयो।

**मौसम**

भारतीय मौसम विज्ञान विभागले आज उत्तराखण्डमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको लागि 'रेड अलर्ट' जारी गरेको छ। हिमाचल प्रदेश र पश्चिम उत्तर प्रदेशमा पनि भारीदेखि भारी वर्षाको सम्भावना छ। मौसम विभागका अनुसार दिल्ली, उत्तर प्रदेश, हरियाणा, चण्डीगढ र मध्य प्रदेशमा पनि मेघगर्जन र चट्याङसहित भारी वर्षा हुने सम्भावना छ।